## प्रश्न नं. ३५

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.४१४८ देखि ४२६९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं.१ मा वस्ने दिलिप लिम्बु खजुमको जाहेरीले नेपाल सरकार

विरुद्ध

इलाम जिल्ला, चुलाचुली गाउँपालिका वार्ड नं.१ मा वस्ने देवी प्रसाद पराजुली

मुद्दा : ज्यान सम्बन्धी कसुर गरेको

(१) मेरो छोरा इलाम जिल्ला चुलाचुली गा.पा.वडा नं.१ बस्ने बर्ष २६ को देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच मिति २०७५।०८।१ गते फुटबल खेल खेल्ने विषयमा वादविबाद भई छविलाल पराजुलीले निज छोरालाई गालीगलौज गर्दै घरतर्फ लगेछन् । सोपछि छविलालको बाबु देवीप्रसाद पराजुली यो गधा देवेन्द्रलाई मार, म जेल जान तयार छु भन्दै झम्टिएपछि प्रतिवादी छविलाल पराजुलीले धारिलो हतियार खुर्पाले देवेन्द्र खजुमको घाँटीमा २ पटक प्रहार गर्दा देवेन्द्र भुईमा लडेपछि देवीप्रसाद पराजुलीले लात्तिले हानेछन् । उक्त कुरा चन्द्रकुमार फ्याकले सुनाएको हो । निज प्रतिवादीहरुलाई पकाउ गरी कानुन बमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको **दिलिप लिम्बु खुजुमको जाहेरी दरखास्त** ।

(२) इलाम जिल्ला चुलाचुली गा.पा.वडा नं.१ स्थित कच्ची सडकको बीच भागमा झारपातहरु माडिएको, सो भागमा रगतजस्तो तरल पदार्थ जमेको सोही स्थानदेखि १० मिटर टाढा २ फिट ३ इन्च लामो खुर्पा रहेको , सो खुर्पाले देवेन्द्र खजुमलाई मिति २०७५।०८।०१ मा छविलाल पराजुलीले घाँटीमा प्रहार गरी गम्भीर घाइते बनाएको र उपचारको लागि दमकस्थित लाइफ लाइन अस्पतालतर्फ पठाएको भन्नेसमेत बेहोराको मिति २०७५।०८।०१ **घटनास्थल मुचुल्का**

(३) झापा जिल्ला दमक नगरपालिका वडा नं.१० स्थित दमक लाइफ अस्पतालकृ इमरजेन्सी कोठाभित्र बेडमा मृतक देवेन्द्र खजुमको शव दक्षिण टाउको, उत्तर गोडा भई बेडमा उत्तानो अवस्थामा रहेको मृतकको लासको दाहिने साइडको घाटीँमा ७ इन्च लामो ५ इन्च गहिरो काटेको चोट रहेको, घाँटी पछाडी पुरै काटी रगत बगिरहेको भन्नेसमेत बेहोराको मिति २०७५।०८।०२ **लास जाँच मुचुल्का** ।

(४) प्रतिवादी छविलाल पराजुली र मृतक देवेन्द्र खजुम मिति २०७५।०८।०१ गते फुटबल खेल्ने विषयमा वादविवाद भएपछि मैले सम्झाई बुझाएपछि प्रतिवादी छविलाल आफ्नो घर गएका थिए । सोपछि देवीप्रसाद पराजुली गधाको छोरा भन्दै आई मृतक देवेन्द्रसँग वादविवाद गरी ठेलाठेल गरेपछि म समेतले छुट्याई रहेको अवस्थामा देविप्रसाद पराजुलीले ऐ छोरा हान् मार् भनी आदेश दिनासाथ छविलाल पराजुलीले धारिलो खुर्पाले देवेन्द्र खजुमको घाँटीमा एक्कासी प्रहार गरी काटी रगतपाच्छे गराई भुईमा

**प्रश्न नं. ३५**

लडेपछि देवीप्रसाद पराजुलीसमेतले मृतकलाई लात्तीले हानी छोरा ठीक गरिस् भन्दै भागी गएका हुन् । प्रतिवादीहरुलाई कानुनबमोजिम कारबाही गरिपाउ भन्नेसमेत बेहोराको **चन्द्रकुमार फ्याक र सुजन खजुमले गरेको घटना विवरण कागज ।**

(५) मिति २०७५।०८।०१ गते बेलुकी अन्दाजी ८:३० बजेको समयमा मृतक देवेन्द्र खजुम र मेरो छोरा छविलाल पराजुलीबीच फुटबल खेलको विषयमा वादविवाद गरिरहेको सुनी तत्कालै निजहरु भएको ठाउँमा गई मेरो छोरालाई तिमीहरु जहिले पनि हेप्छौ भन्नासाथ मृतक देवेन्द्र खजुम र मेरो एकआपसमा वादविवाद भई ठेलाठेल भइरहेको अवस्थामा मेरो छोरा छविलाल पराजुली के कति खेर घरमा गई खुर्पा लिई आई देवेन्द्र खजुमको घाटीमा प्रहार गरी कर्तव्य गरी मारेको हो । मैले मार म जेल जान तयार छु भनी छोरालाई आदेश दिएको होइन । मृतकलाई लात्तीले हानेको हैन बरामद भएको खुर्पा मेरै घरको हो भन्ने ासमेत बेहोराको **देवीप्रसाद पराजुलीले अनुसंधान अधिकारी समक्ष गरेको बयान**

(६) मृतक देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच फुटबलको विषयमा विवाद हुँदा सोही रिसइवीमा प्रतिवादी देवीप्रसाद पराजुलीसमेत देवेन्द्र खजुमसँग विवाद गरी प्रतिवादी छविलाल पराजुलीले देवेन्द्र खजुमलाई खुर्पाले प्रहार गरी भुइँमा लडुपछि देवीप्रसाद पराजुलीले पनि लात्तीले हानेको हो मृतकलाई प्रतिवादी देवीप्रसाद पराजुली र छविलाल पराजुल मिली कर्तव्य गरी मारेकोमा पुर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको सिता खजुम लिम्बुसमेतले गरेको प्राय: एकै मिलानको गरी दिएको कागज ।

(७) मृतक देवेन्द्र खजुम लिम्बुको घाँटीमा काटेको चोकबाट रक्तश्राप भएको कारणबाट मृत्यु भएको भन्नेसमेत व्याहोराको **शव परीक्षण प्रतिवेदन** ।

(८) प्रतिवादी छविलाल पराजुली र देवीप्रसाद पराजुलीसमेतले मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(९) प्रतिवदी देवीप्रसाद पराजुली तथा छविलाल पराजुली समेतले सुरु अदालतमा गरी दिएको ईन्कारी बयान ।

(११) जाहेरवाला दिलिप लिम्बु र बुझिएको मानिस सुजन खजुले सुरु अदालतमा गरी दिएको बकपत्र ।

(१२) इलाम जिल्ला अदालतको फैसला ।

(१३) उच्च अदालत विराटनगर, ईलाम ईजलासमा प्रतिवादी छविलाल पराजुली र देवीप्रसाद पराजुली समेतले दिएको पुनरावेदन पत्र ।